## सानीभेरी गाउँपालिका

### गाउँ कार्यपालिका बैठक नं. २०८३/०८४-०२

आज मिति २०८३ भदौ १८ गते बिहिबारका दिन सानीभेरी गाउँपालिका गाउँ कार्यपालिकाका अध्यक्ष श्री बिर्ख बहादुर बिष्टज्यूको अध्यक्षतामा गाउँ कार्यपालिको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसि तपसिल बमोजिमका प्रस्ताहरूमा छलफल गरी निर्णयहरू पारित गरियो।

तपसिलः

| क.स. | नाम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | बिर्ख बहादुर विष्ट | अध्यक्ष | सानीभेरी-०३ | |
| २ | कमला रोका पुन | उपाध्यक्ष | सानीभेरी-०२ | |
| ३ | पहलसिं घर्ति मगर | कार्यपालिका सदस्य | सानीभेरी-०६ | |
| ४ | भूपाल सिं ओली | कार्यपालिका सदस्य | सानीभेरी-११ | |
| ५ | टेकबहादुर पुन | कार्यपालिका सदस्य | सानीभेरी-०१ | |
| ६ | शेरबहादुर खड्का | कार्यपालिका सदस्य | सानीभेरी-०९ | |
| ७ | मानबहादुर पुन | कार्यपालिका सदस्य | सानीभेरी-०२ | |
| ८ | टिकाराम खड्का | कार्यपालिका सदस्य | सानीभेरी-१० | |
| ९ | कुलबहादुर बुढा | कार्यपालिका सदस्य | सानीभेरी-०७ | |
| १० | प्रेमबहादुर वि.क. | कार्यपालिका सदस्य | सानीभेरी-०८ | |
| ११ | जगदिश नकाल | कार्यपालिका सदस्य | सानीभेरी-०३ | |
| १२ | मोतिराम खत्री | कार्यपालिका सदस्य | सानीभेरी-०५ | |
| १३ | मनोज कुमार बुढाथोकी | कार्यपालिका सदस्य | सानीभेरी-०४ | |
| १४ | सेते कामी | कार्यपालिका सदस्य | सानीभेरी-०१ | |
| १५ | बलबहादुर वि.क. | कार्यपालिका सदस्य | सानीभेरी-०३ | |
| १६ | देउमा भण्डारी | कार्यपालिका सदस्य | सानीभेरी-०७ | |
| १७ | सार पुन मगर | कार्यपालिका सदस्य | सानीभेरी-०६ | |
| १८ | बिमला वि.क रोका | कार्यपालिका सदस्य | सानीभेरी-०१ | |
| १९ | लिला खड्का मगर | कार्यपालिका सदस्य | सानीभेरी-०९ | |
| २० | डा.प्रकाश शर्मा | सदस्य-सचिव | बडिगाड-६ बाग्लुङ | |

CamScanner

गाउँ कार्यपालिकाको मिति २०८३।०५।१८ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु

| क्र.स. | प्रस्तावहरु | निर्णय हुनु पर्ने बेहोरा |
|---|---|---|
| १. | गत कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा। | समीक्षा भई आवश्यक निर्णय हुनुपर्ने। |
| २. | शिक्षा समितिको निर्णय र शिक्षा समितिको विद्यालय शिक्षक दरबन्दी मिलान कार्यदलको प्रतिवेदन पारित सम्बन्धमा। | निर्णय जानकारी पश्चात छलफल भई आवश्यक कार्यका लागि निर्णय हुनुपर्ने। |
| ३. | भु-उपयोग योजना निर्माण तथा वर्गीकरण गर्ने सम्बन्धमा। | आवश्यक छलफल भई निर्णय हुनुपर्ने |
| ४. | कृषि सडकहरू सडक सरसफाई सम्बन्धमा। | पेश भए अनुसार छलफल गरि पारित गर्ने |
| ५. | भूमि समस्या सहजीकरण समिति गठन तथा फोकल व्यक्ति तोक्ने सम्बन्धमा। | छलफल भई जिम्मेवारी तोक्ने। |
| ६. | अस्पताल व्यवस्थापन समितिको बैठकको निर्णयहरु अनुमोदन समबन्धमा। | निर्णय जानकारी गराई पारित हुनुपर्ने। |
| ७. | नागरिक उपचार सहायता सम्बन्धमा। | पेश भए अनुसार छलफल भई निर्णय हुनुपर्ने। |
| ८. | प्रहरी चौकी सिम्लीको जग्गा उपलब्ध सम्बन्धमा। | छलफल भई आवश्यक निर्णय गर्नुपर्ने। |
| ९. | सोधपुछ कक्ष तथा हेल्प डेस्क सञ्चालन सम्बन्धमा। | छलफल भई जिम्मेवारी तोक्ने। |
| १०. | कृषि तथा पशु शाखाको विशेष अनुदानको रकम विस्तृतिकरण सम्बन्धमा। | कार्यक्रमहरू एकिन गरी निर्णय गर्नुपर्ने। |
| ११. | विद्युतिकरण हुन बाँकी ठाउँमा विद्युत लाईन बिस्तार गर्ने सम्बन्धमा। | छलफल भई आवश्यक निर्णय गर्नुपर्ने। |
| १२. | नेपाल सरकार प्रधानमन्त्री दैवि प्रकोप उद्दार कोषमा रकम जम्मा सम्बन्धमा। | छलफल भई आवश्यक निर्णय गर्नुपर्ने। |
| १३ | चिस्यान केन्द्र सञ्चालनको अनुमति सम्बन्धमा। | पेश भए अनुसारको फर्मको लागि छलफल भई निर्णय हुनुपर्ने। |
| १४ | मनोसामाजिक परामर्श सेवा सहजकर्ताको म्याद थप सम्बन्धमा। | छलफल भई आवश्यक निर्णय गर्नुपर्ने। |
| १५ | वैदेशिक भ्रमण अनुमोदन सम्बन्धमा | छलफल भई आवश्यक निर्णय गर्नुपर्ने। |
| १६ | राष्ट्रिय कृषि आधुनिकिरण कार्यक्रम विस्तृतिकरण सम्बन्धमा | छलफल भई आवश्यक निर्णय गर्नुपर्ने। |
| १७ | कृषि विकास शाखाबाट वितरण गरिने विषादी सम्बन्धमा | छलफल भई आवश्यक निर्णय गर्नुपर्ने। |

CamScanner

| | | |
|---|---|---|
| १८ | कर्मचारी भर्ना सम्बन्धमा | छलफल भई आवश्यक निर्णय गर्नुपर्ने। |
| १९. | विविध सम्बन्धमा। | समसामयिक तथा अन्य विषयमा छलफल भई आवश्यक निर्णय हुनुपर्ने। |

<u>निर्णयहरु</u>

निर्णय नं. १: गत कार्यपालिका बैठकका निर्णयको समीक्षा

अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरुको सम्बन्धमा छलफल भई कार्यान्वयन भएका निर्णयहरुको जानकारी गराई कार्यान्वयन नभएका निर्णयहरु कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. २: शिक्षा समितिको निर्णय र शिक्षा समितिको विद्यालय शिक्षक दरबन्दी मिलान कार्यदलको प्रतिवेदन पारित सम्बन्धमा।

मिति २०८३ गते बसेको गाउँ शिक्षा समितिको निर्णयहरु बैठकमा सुनि सुनाई अनुमोदन गर्नुका साथै शिक्षा समितिले मिति २०८३/०५/०८ गते पेश गरेको विद्यालय शिक्षक दरबन्दि मिलान समितिको प्रतिवेदन उपर छलफल गरी उक्त प्रतिवेदन शैक्षिक शत्र २०८४ बैशाख देखी पूर्ण रूपमा लागू गर्ने र प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरियो।

निर्णय नं. ३ भु-उपयोग योजना निर्माण तथा वर्गीकरण

सानीभेरी गाउँपालिकाका जग्गाहरूको योजना निर्माण गरी बर्गिकरण गर्नको लागि सानीभेरी गाउँपालिको मौजुदा सूचीमा सूचीकृत भएका फर्महरूमध्येबाट प्रस्ताव माग गरी काम सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं. ४ कृषि सडकहरू सडक सरसफाई सम्बन्धमा।

सानीभेरी गाउँपालिकाभित्र सञ्चालनमा रहेका स्थानीय सडकहरू बर्षातको कारण क्षति भएकाले प्राविधिक शाखाले आवश्यक लागत अनुमान तयार गरी उपयुक्त विधि मार्फत छिटो छरितो रूपमा सडक सरसफाई गर्ने निर्णय गरियो।

निर्णय नं. ५ भूमि समस्या सहजीकरण समिति गठन तथा फोकल व्यक्ति तोक्ने

भूमीहिन दलित भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धि कार्यविधि २०८३ को दफा ४ बमोजिम वडाबाट संकलन भएका लगतहरूलाई सिस्टमा प्रविष्ट गर्नको लागि गाउँपालिका स्तरिय तपसिलको भूमि समस्या सहजीकरण समिति गठन गर्ने निर्णय गरियो।

तपसिलः

श्री विर्ख बहादुर विष्ट – संयोजक
श्री कमला रोका पुन – सदस्य
श्री धर्म बहादुर पुन-सदस्य (नेकपा)
श्री इन्द्र बहादुर खड्का - सदस्य (ने.का.)
श्री मनविर धर्ती - सदस्य (नेकपा एमाले)
श्री रमेश बाँठा - सदस्य (रास्पा)
श्री सेते कामी - सदस्य
श्री देउमा भण्डारी- सदस्य
श्री नरविर खड्का- सदस्य सचिव

CamScanner